## छत्रदेवको सार्वजनिक सुनुवाइ

# जनप्रतिनिधि भन्छन्- सेवा प्रवाहबारे कुनै जनगुनासो आएन

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३१ असार

छत्रदेव गाउँपालिका अर्घाखाँचीले तेस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ । वर्षा सञ्चार मिडिया नेटवर्क अर्घाखाँचीको समन्वयमा आयोजना गरिएको कार्यक्रममा गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाइ, युवा स्वरोजगार, कृषि र रोजगारी लगायतका विषयमा सरोकारवालाहरूले आफ्ना धारणा सार्वजनिक रूपमा राखेका थिए ।



गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले सार्वजनिक सुनुवाइ कार्यक्रमलाई स्थानीय सरकारको उत्तरदायित्व निर्वाह गर्ने प्रभावकारी माध्यमका रूपमा लिएको बताउँदै छत्रदेवबासीले उठाएका मुद्दाहरूलाई आत्मसात् गरेर विकास प्रक्रियालाई अझ तीव्र पार्ने प्रतिबद्धता व्यक्त गरे । उनले जनप्रतिनिधि र कर्मचारीले जनताबाट प्राप्त सुझावहरूलाई ग्रहण गर्दै अझ प्रभावकारी ढंगले काम गर्ने बताएका थिए ।

श्रेष्ठले छत्रदेव गाउँपालिकामा सडक, कृषि, शिक्षा, पशुपालन, सिँचाइ, विद्युत् र खानेपानीतर्फको प्रगतिबारे जानकारी दिँदै संघीय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त बजेटलाई उचित रूपमा विकास निर्माणमा प्रयोग गरिएको बताए । उनका अनुसार वडा नं. १ देखि ८ सम्म सडकहरू निर्माण सम्पन्न गरिनुका साथै केही सडकहरू कालोपत्रे भइसकेका छन्, भवन निर्माणको काम भइरहेको छ भने शैक्षिक गतिविधि प्रभावकारी रूपमा अगाडि बढेको छ । उनले विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यविधिहरू कार्यान्वयनमा रहेको पनि जानकारी दिए ।

गाउँपालिका उपाध्यक्ष मनि पन्थीले महिलाहरू र युवालाई रोजगारीसँग जोड्ने प्रयासलाई प्राथमिकतामा राखिएका बताइन् । व्यवहारिक शिक्षाको प्रवर्द्धनमा गाउँपालिकाले लगानी गर्दै आएको उनको भनाइ थियो ।

प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले लागुऔषधको समस्या, आत्महत्याका घटनामा वृद्धि र अनलाइन ठगीलाई देशव्यापी चुनौतीका रूपमा उल्लेख गर्दै छत्रदेव गाउँपालिकालाई स्वास्थ्य, शिक्षा र कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने दिशामा जनचेतना अभिवृद्धिमा थप ध्यान दिइने जानकारी दिए । नेपाली कांग्रेस गाउँपालिका सभापति प्रकाशराज पन्थले थोरै स्रोत साधनबाट पनि प्रभावकारी काम भएको भन्दै सराहना गरे । एमालेकी गाउँपालिका उपाध्यक्ष शान्ता थापाले अहिले गाउँपालिकामा सेवा प्रवाह सन्तोषजनक रहेको बताउँदै नागरिकले पहिले जस्तो बारम्बार कार्यालय धाउनुपर्ने अवस्था अन्त्य भएको महसुस भएको बताइन् ।

नेकपा माओवादीका नेता रामलाल पराजुलीले पटक-पटक हुने विद्युत् कटौतीले जनजीवनमा असर पारेको भन्दै समाधानतर्फ ध्यान दिन आग्रह गरे । राष्ट्रिय स्वतन्त्र पार्टीका नेता शंकर भुसालले विकास निर्माणका कामसँगै बादर र बँदेल नियन्त्रणमा पनि गाउँपालिकाले ध्यान दिनुपर्ने सुझाव दिए । गाउँपालिकाका प्रवक्ता कमल पौडेलले विकासका कामलाई गुणस्तरीय बनाउन स्थानीय नागरिकको सहभागिता र भूमिका महत्वपूर्ण हुने धारणा राखे ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा वडा नं. १ देखि ८ सम्मका वडाध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभा सदस्य, विद्यालयका प्रधानाध्यापक, महिला स्वास्थ्य स्वयंसेविका, सहकारी प्रतिनिधि, विभिन्न राजनीतिक दलका नेता, पत्रकार, मानव अधिकारकर्मी, गाउँपालिकाका शाखा प्रमुखलगायतको उपस्थित रहेको थियो ।

# अरुण गाउँपालिकामा बहुउद्देश्यीय प्रतिष्ठान भवनको शिलान्यास

**भोजपुर/मस**–भोजपुरस्थित अरुण गाउँपालिकामा निर्माण हुन लागेको अरुण बहुउद्देश्यीय प्रतिष्ठान भवनको शिलान्यास गरिएको छ ।

भवनको अरुण गाउँपालिकाका अध्यक्ष शालिकराम खत्री र नेपालस्थित भारतीय दूतावासका काउन्सिलर अविनाश कुमार सिंहले मंगलबार संयुक्त रूपमा गरेका हुन् । ‘नेपाल-भारत विकास सहकार्य’ अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा करिब ३.१८८ करोड रुपैयाँ लागतमा उक्त भवन निर्माण गरिनेछ । ३ तले यो बहुउद्देश्यीय प्रतिष्ठानमा कक्षा कोठा, शिक्षक कक्ष, बैठक कक्ष, कार्यक्रम हल, छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय, साथै अन्य सहायक संरचनाहरू निर्माण गरिने छन् ।

परियोजना भारत सरकारको अनुदान सहयोगमा निर्माण गरिने उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत पर्दछ । यसको कार्यान्वयन गाउँपालिकामार्फत गरिनेछ । कार्यक्रममा अध्यक्ष खत्रीसहितका स्थानीय नेताहरूले नेपालको शिक्षा र सांस्कृतिक पूर्वाधार विस्तारमा भारतले पुर्‍याउँदै आएको निरन्तर सहयोगको प्रशंसा गरे । अरुण बहुउद्देश्यीय प्रतिष्ठान भवनले विशेषगरी स्थानीय तहमा सांस्कृतिक तथा शैक्षिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरिएको छ ।

# नागरिकता वितरणमा विभेदपूर्ण व्यवहार भएको गुनासो



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ३१ असार

जिल्ला प्रशासन कार्यालय रौतहटमा नागरिकता वितरण प्रक्रियामा विभेदपूर्ण व्यवहार भइरहेको स्थानीय बासिन्दाहरूले गुनासो गरेका छन् । सेवाग्राहीहरूका अनुसार कार्यालयमा कार्यरत केही कर्मचारीहरूले खासगरी मुस्लिम समुदायप्रति पूर्वाग्रही व्यवहार गर्दै आएको बताइएको छ ।

जिल्लाका विभिन्न गाउँबाट नागरिकता लिन आउने सेवाग्राहीहरू अनावश्यक झन्झट, अपमानजनक प्रश्नोत्तर र ढिलासुस्तीको शिकार बन्न बाध्य छन् । उनीहरूलाई बोलीचालकै आधारमा ’भारतीय’ भनी शंका गर्ने, आवश्यक कानुनी प्रक्रिया पूरा हुँदा पनि नागरिकता नदिने वा दिनभरि अल्झाउनेजस्ता व्यवहार भइरहेको पीडितहरूको आरोप छ ।

एक सेवाग्राहीले भने, ‘हामी नेपाली नागरिक हौं, युगौंदेखि यहीं बसोबास गर्दै आएका छौं । तर, कार्यालयमा हाम्रो भाषा र पहिचानकै कारण शंका गरिन्छ । दिनभरि काम नगर्ने, अनावश्यक प्रश्न सोध्ने, ‘भोलि आउ’ भन्ने शैलीले हामी निराश भएका छौं ।’ सेवाग्राहीहरूका अनुसार नागरिकता माग्दा प्रशासनका केही कर्मचारीहरू आफूलाई ‘मालिक’ सम्झने व्यवहार गर्छन् । ‘सरकारले जनताको सेवा गर्न पठाएका कर्मचारीहरू नागरिकता जस्तो संवैधानिक अधिकारमा पनि मनपरी गर्छन् भने जनताले कसलाई गुहार गर्ने ?’ स्थानीयले प्रश्न गरेका छन् ।

संविधानले प्रत्येक नेपालीलाई नागरिकताको हक सुनिश्चित गरेको छ । तर, मधेश क्षेत्रका विभिन्न जिल्लामा नागरिकता वितरणमा हुने विभेद, ढिलासुस्ती र अव्यवस्थित कार्यशैलीप्रति चर्को असन्तुष्टि छ ।

स्थानीयबासीहरूले सम्बन्धित निकायहरूलाई यस्ता गम्भीर आरोपप्रति ध्यान दिन र सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन् ।

यता जिल्ला प्रशासन कार्यालय रौतहटले भने कागजपत्र पूरा नहुनेहरुसँग कागजपत्र मागिएको बताउँदै कसैलाई विभेदपूर्ण व्यवहार नगरिएको बताएको छ ।

## युएईमा रोजगार

कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/३० — चलानी नं.: ६०२४०९७७ — L.T. No.: 327022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL CLEANER (FEMALE) | 0 | 50 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GENERAL CLEANER (MALE) | 150 | 0 | | 1000 | ३७,३७० | | | | | | | |

कम्पनी: IMDAAD LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०३/३० — चलानी नं.: ६०२४०९७८ — L.T. No.: 327023

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (MALE) | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CLEANERS (FEMALE) | 0 | 50 | | 1000 | ३७,३७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ७ र ८ गते (23 & 24 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SIMRIK OVERSEAS PVT. LTD.** Govt Lic. No. 223/058/059
Shambhu Marga, Manpower Bazar, Airport, Sinamangal, Kathmandu, Tel: 01-4981322, 01-4981422, Mob.: 9802096694, 9802096692

Government of Nepal
Water Sector Governance and Infrastructure Support Project
Dipayal-Silgadhi Project Implementation Unit
Dipayal-Silgadhi Municipality, Doti

**Invitation For Bids**

**Date of publication: 2025-07-16 (AD)**

Dipayal-Silgadhi Project Implementation Unit, Doti, invites electronic bids to the eligible bidders for the following works under National Competitive Bidding

| IFB No. | Description of Works | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) | Last Date/Time of Bid Submission |
|---|---|---|---|---|
| *04/WS/PIU/ DOTI* | *Procurement of Silgadhi Water Supply Upgradation Project,Silgadhi, Doti* | 3.80 million | 10,000.00 | 2025-08-17 till 12:00 Hrs (NST) |

- Bid Validity/Bid Security Validity Period 120/150 days from the last date of bid submission.
- The detail notice can be assessed from www.bolpatra.gov.np/egp.

**Project Manager**

## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक । कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदावीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **दुर्गा देवी दाहाल**<br>बाबुः मनोहर दाहाल<br>बाजेः देवी प्रसाद दाहाल | झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०३ | बचत खाता नं. २११००१७५०४२५७ | विर्तामोड | २०८२/०१/३१ | काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.१३ स्थायी ठेगाना भई हाल झापा जिल्ला विर्तामोड न.पा. वडा नं.०३ बस्ने जयराम चौलागाई (श्रीमान) |
| २ | **खगेन्द्र आचार्य**<br>बाबु : पदम प्रसाद आचार्य<br>बाजे : दाता राम आचार्य | ईलाम जिल्ला, समाल्बुङ गा.वि.स वडा नं.९ | बचत खाता नं. २२७१००१७५००१३३ | फिक्कल | २०८२/०३/०५ | ईलाम जिल्ला, श्रीअन्तु गा.वि.स.वडा नं.१ स्थायी ठेगाना भई हाल सूर्योदय न.पा.वडा नं.४ मा बस्ने श्रीमती शारदा कुमारी शर्मा पोखरेल (श्रीमती) |
| ३ | **राम प्रसाद साह**<br>बाबु : श्रीचन्द साह<br>बाजे : दुखी साह | महोत्तरी जिल्ला बलवा नगर पालिका वडा नं. ४ हाल बलवा नगरपालिका वडा नं. ६ | बचत खाता नं. ५२१००१७५०३३९७ | जनकपुर पिडारी चोक | २०८१/०८/२३ | महोत्तरी जिल्ला, बलवा नगरपालिका वडा नं. ४ हाल बलवा नगरपालिका वडा नं. ६ बस्ने राम युगल साह (छोरा) |
| ४ | **नन्दराम खत्री**<br>बाबु : गुमानसिं खत्री<br>बाजे : भिम खत्री | रुकुम (पश्चिम) जिल्ला मुसिकोट नगरपालिका वडा नं.५ | बचत खाता नं. २००१००१७५००९८१ | मुसिकोट | २०८२/०१/२४ | रुकुम (पश्चिम) जिल्ला, मुसिकोट नगरपालिका वडा नं. ५ बस्ने सावित्रा खत्री (श्रीमती) |
| ५ | **वद्रिमान नगरकोटी (पहारी)**<br>बाबु : वसराज नगरकोटी(पहारी)<br>बाजे : वडलासिंह नगरकोटी | ललितपुर जिल्ला, वडिखेल गा.वि.स वडा नं ७ | बचत खाता नः ०२१००१७५५४४७४ | न्युरोड | २०८२/०२/१४ | ललितपुर जिल्ला, वडिखेल गा.वि.स वडा नं ७ बस्ने यूरिना श्रेष्ठ नगरकोटी (श्रीमती) |
| ६ | **मधु कुमारी**<br>बाबु : रामनाथ साह<br>बाजे : खेदु साह | मधेश प्रदेश,रौतहट जिल्ला देवाही गोनाही नगरपालिका वडा नं.९ | बचत खाता नं. २२९१००१७५००११९ | देवाही गोनाही | २०८१/१२/२५ | मधेश प्रदेश, रौतहट जिल्ला, देवाही गोनाही नगरपालिका वडा नं.९ बस्ने - सतेन्द्र कुमार साह (श्रीमान) |
| ७ | **पदम कुमारी श्रेष्ठ**<br>बाबु : गंगा बहादुर श्रेष्ठ<br>आमा : राम माया श्रेष्ठ | सुनसरी जिल्ला ईटहरी उप-महानगरपालिका वडा नं.१९ | बचत खाता नः ११९१००१७५०६८९५ | तरहरा | २०८२/०२/२३ | सुनसरी जिल्ला, ईटहरी उप महानगरपालिका वडा नं. १९ बस्ने चन्द्र बहादुर श्रेष्ठ (श्रीमान)) |
| ८ | **पुस्कल भारती**<br>बाबु : बेचु भारती<br>बाजे : बहादुर भारती | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, बानेश्वर, नेपाल | बचत खाता नं. ०११००१३३२१४०१ | तीनधारा | २०८२/०२/२२ | बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, बानेश्वर, नेपाल बस्ने शुशिला गिरी भारती (श्रीमती) |
| ९ | **पुरुषोत्तम कुमार मुडबारी**<br>बाबु : केदार प्रसाद मुडबारी<br>बाजे : जगन्नाथ प्रसाद मुडबारी | बाग्मती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौा महानगरपालिका वडा नं. ३१ बानेश्वर, | बचत खाता नं. ०११०२१४११४९०१ | तीनधारा | २०८१/०६/१६ | बाग्मती प्रदेश, काठमाण्डौा जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ बानेश्वर, बस्ने आशा मुडबारी (श्रीमती) |
| १० | **नबिन शाक्य**<br>बाबु : बाबु काजी शाक्य<br>बाजे : पूर्ण ज्योती शाक्य | बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १६ पाटन, ललितपुर | बचत खाता नं. १७१००१७५१७१४४ | तीनधारा | २०८१/१२/१७ | बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १६ पाटन, ललितपुर, बस्ने सबिना शाक्य (श्रीमती) |
| ११ | **दुर्गा बहादुर पहाडी**<br>बाबु : रुद्ध बहादुर सार्की<br>बाजे : धन बहादुर सार्की | भोजपुर जिल्ला, अरुण गाउँपालिका वडा नं ५ | बचत खाता नं. १८८१००१७५०३०७९ | भोजपुर | २०८२/०२/०७ | भोजपुर जिल्ला, अरुण गाउँपालिका, वडा नं ५ बस्ने सपना चर्मकार पहाडी) (श्रीमती) |
| १२ | **नरेन्द्र कठायत**<br>बाबु : कम्मलाल कठायत<br>बाजेः : हस्तविर कठायत | कालिकोट जिल्ला पचालझर ना गा.पा. वडा नं ०२ (साविक बदालकोट गा.वि.स. वडा न ८, कालीकोट) | बचत खाता नं. ७४१००१७५०१०४१ | पचालझरना | २०८१/११/०५ | हाल कालिकोट जिल्ला पचालझरना गाउँपालिका वडा न २ (साविक बदालकोट गा.वि.स. वडा नं. ८) बस्ने हिमचुला कुमारी वोहरा (कठायत) (श्रीमती) |
| १३ | **गायत्री देवी साह तेली**<br>बाबु : रामप्रसाद साह<br>बाजेः मुख लाल साह | सर्लाही जिल्ला, ब्रहमपुरी गाउँपालिका वडा नं. २ | बचत खाता नं. २१७१००१७५०३११४ | वह्मपुरी | २०८१/१०/२५ | सर्लाही जिल्ला, ब्रहमपुरी गाउँपालिका वडा नं. २ बस्ने राजेश्वर प्रसाद साह तेली (श्रीमान) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## प्रमाणपत्र हरायो

ललितपुर एकान्तकुना बाट बानेश्वर जाने क्रममा
मितिः २०८२/०२/२४ गते

नामः आशिश खड्का
Bachelors in Engineering
Degree Certificate
(Passed Year 2018
Registration No. 3-2-373-63-2012)

हराएको हुँदा पाउनुहुने महानुभावले ९८४२७५७८०२ मा सम्पर्क गर्न अनुरोध छ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Eminence Recruitment International Pvt.Ltd.** (**श्रम इजाजत पत्र नं. १५६९/०७९/०८०**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिहरु सँग यस प्रा.लि.को कर्मचारीको हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यस बारेमा यदि कुनै दाबी बिरोध भएमा यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

| सि.नं. | कर्मचारीहरुको नाम | ठेगाना | पद |
|---|---|---|---|
| १. | बबिता तामाङ्ग | ठोक्सिला ६, उदयपुर | रिसेप्सनिस्ट |
| २. | अन्जुली थामी | बिगु ६, दोलखा | कार्यालय सहयोगी |
| ३. | राजु तामाङ्ग | बिराटनगर ७, मोरंग | म्यानेजर |

EMINENCE Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040, 9810198767, 9849964370.
Branch Office Chitwan : 9806595102, 9855063454.
Email: info@eminencenepal.com, Web: www.eminencenepal.com

CamScanner